जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १२ • अंक २४८ • २०८२ आषाढ १४ गते शनिवार • 28 Jun. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

# मधेश प्रदेश सरकारले ल्याएको बजेटको चौतर्फी आलोचना



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ आषाढ**

जनमत पार्टी नेतृत्वको नेपाली कांग्रेस, एमाले र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल समर्थित सरकारले ल्याएको बजेटको चौतर्फी आलोचना हुन थालेको छ। सांसदहरुको असन्तुष्टिलाई मत्थर बनाउन जनमत पार्टीका अध्यक्ष डा.सी.के.राउतले समेत असन्तुष्टि जनाउँदै नेपाली कांग्रेसमाथि दोषारोपण गरेका छन्।

जेठ महिनामा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री बनेका बसन्त कुशावाहाले बजेट लुट्ने सम्पूर्ण तयारी गरेको बारे अध्यक्ष राउत मौन छ। कुशवाहाले ढल्केवरदेखि भिट्ठामोड र बेलादेखि जटहीसम्मको सडकमा पर्खाल निर्माण गरी मिथिला चित्र बनाउन २ करोड रुपैयाँ विनियोजन गरिएको छ। त्यसको डीपीआरका लागि ५४ लाख रकम विनियोजन गरिएको छ। मन्त्री कुशवाहाले ५ लाखदेखि १० लाखसम्मको सयौं गोष्ठी, छलफललगायतका शीर्षकमा बजेट विनियोजन गरेका छन्। पर्यटन मन्त्रालयको बजेट विनियोजन गर्ने मन्त्री कुशवाहाले अग्रीम रकम समेत लिएको आरोप लागेको छ। बिचौलियाको रोजाइँ अनुसारको योजनामा रकम विनियोजन गरिएको आरोप सांसदहरुले लगाएका छन्।

आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि मधेश प्रदेशको कुल बजेट ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँको छ। अर्थमन्त्री सुनिल कुमार यादवले गत असार १ गते प्रस्तुत गरेको बजेटको रेडबुक सांसदहरुको हातमा बुधवार परेपछि भद्रगोल रहेको बताइएको छ। कुल बजेटको झण्डै १ तिहाइ १५ अर्ब ८८ करोड बढी रकम भौतिक पूर्वाधार विकास मन्त्रालयलाई विनियोजन गरिएको छ। एमाले संसदीय दलका नेता समेत रहेका सरोज कुमार यादव भौतिक पूर्वाधार विकास मन्त्री हुन्।

एमालेको भागमा परेका स्वास्थ्य तथा जनसंख्या, गृह, सञ्चार तथा कानुन र युवा तथा समाज कल्याण मन्त्रालय रहेका छन्। ती सबै मन्त्रालयको बजेट एकत्रित गर्दा झण्डै कुल बजेटको आधी रहेको छ। भौतिक पूर्वाधार विकास मन्त्री यादवले आफ्नो निर्वाचन क्षेत्रमा संसदीय बजेटको भन्दा कयौं गुणा बढी रकम विनियोजन गरेका छन्। मधेश प्रदेशको ६४ निर्वाचन क्षेत्र मध्ये १६ वटा निर्वाचन क्षेत्र बराबरको बजेट यादवको निर्वाचन क्षेत्रमा खन्याइएको छ। अर्थमन्त्री यादव, मुख्यमन्त्री सतीशकुमार सिंह र नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादवको निर्वाचन क्षेत्रमा पनि बजेट असीमित राखिएको छ। प्रदेश सभामुख रामचन्द्र मण्डललाई पनि बजेटमा प्रसन्न बनाइएको छ। प्रदेश सभाकै दर्जन बढी योजनामा सोझै बजेट हजम हुने शीर्षक रकम राखिएको छ। बजेटमा गरिएको चरम विभेदको चर्को विरोध हुने अनुमान लगाएको सरकारले प्रदेश सभाको बैठकलाई अनिश्चितकालका लागि स्थगन गराएको छ। उच्चस्रोतका अनुसार मन्त्रिपरिषद्को बैठकबाट नै निर्णय गराई मुख्यमन्त्री सिंहले प्रदेश सभाको बैठकलाई स्थगन गराएको हो। दिउँसो १ बजेका लागि डाकिएको प्रदेश सभाको बैठक स्थगन भएको सूचना सभासदहरुलाई १२ बजे मात्र दिएको थियो। प्रमुख विपक्षी दल जनता समाजवादी पार्टी(जसपा) नेपालका प्रमुख सचेतक रामअशिष यादवले बैठक स्थगनको कारण सभामुखले बताउन नचाहेको जनाएका छन्। सभामुखसित सम्पर्क नभएपछि विपक्षी दलका नेताहरुले बजेटको छलफल बहिष्कार गर्ने निर्णय गरेका छन्। 'बजेट विनियोजन मन्त्रीहरुले आफ्नो सुविधा अनुसार गरेकाले त्यसमा छलफल गर्नुको औचित्य छैन' उनले भने, प्रदेश सरकारको नीति तथा कार्यक्रमको भन्दा बिल्कुल फरक बजेट रहेको छ। संसद स्थगनको विषयमा सत्तारुढ जनमत पार्टीले सभामुखलाई लिखित रुपमा जानकारी माग गरेको छ। जनमत पार्टी संसदीय दलको बिहीबार बसेको बैठकले बजेटमा व्यापक असन्तुलन रहेको ठहर गर्दै नेपाली कांग्रेस र एमालेलाई मलजल गर्न सरकारमा रहने अथवा अन्य विकल्प खोज्ने विषयमा केन्द्रीय सचिवालयलाई निर्णय लिन आग्रह गरेको छ। बजेटमा गरिएको विभेदबारे केन्द्रीय सचिवालयलाई जानकारी गराइएको दलका नेता एवं पूर्वमन्त्री महेश प्रसाद यादवले जनाएका छन्। तर नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादवले जनमत पार्टीको आरोपलाई सोझै अस्वीकार गरेका छन्। मुख्यमन्त्री सिंह स्वयं मन्त्रालयहरुमा गएर आफ्ना योजनाहरु इन्ट्री गराएका छन्' उनले भने, अर्थ मन्त्रालयमा योजनाहरु इन्ट्री नभएकाले उनीहरुको आरोप निराधार रहेको छ। नेपाली कांग्रेसको भागमा अर्थ, उर्जा, सिंचाई तथा खानेपानी, श्रम तथा यातायात र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय रहेका छन्। कांग्रेसको भागमा रहेका मन्त्रालयहरु मध्ये सर्वाधिक बजेट उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयमा रहेको छ। मुख्यमन्त्री सिंहले बजेटमा बिचौलियाहरुसित मिलेर कर्मचारीहरुले बदमासी गरेको गत वर्षकै कथा दोहऱ्याएका छन्। चालु आर्थिक वर्षमा प्रतिस्पर्धाबाट काम गराइने अनिवार्य व्यवस्थालाई हटाउन सरकारलाई समस्या देखिएकाले यस पटक बजेटको आधा भन्दा बढी काम उपभोक्ता समितिबाट नै गराइने अनुकूल बनाइएको छ।

# मेयर कप क्रिकेट प्रतियोगिता-२०८२ भव्य रूपमा सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १३ आषाढ**




महोत्तरीको गौशाला नगरपालिकाको आयोजनामा सम्पन्न प्रथम नगर स्तरीय टी-२० मेयर कप क्रिकेट प्रतियोगिता-२०८२ भव्य रूपमा सम्पन्न भएको छ।

प्रतियोगिताले युवाको उत्साह, खेलकुदप्रतिको लगाव र नगरभित्र सहकार्यको भावना उजागर गरेको छ। बुधवार सम्पन्न फाइनल खेलमा वडा नं. ६ फुलकाहाले उत्कृष्ट प्रदर्शन गर्दै १९ ओभरमा १७६ रन बनाउँदै प्रथम मेयर कपको उपाधि हात पार्न सफल भयो। वडा नं. २ निगौलले टस जितेर पहिले ब्याटिङ रोजेको थियो। तर, राजेश यादव र रञ्जित यादवको घातक बलिङको कारण टोली १९ ओभरमै अलआउट हुँदै १७३ रनमै सिमित भयो। यसैका आधारमा निगौल उपविजेतामा चित्त बुझाउन बाध्य भयो। प्रतियोगिताको समापन समारोहमा नगर प्रमुख तथा आयोजक समितिका संरक्षक डा. दीपेन्द्र महतोले सहभागी सम्पूर्ण खेलाडी, प्रशिक्षक, व्यवस्थापक, स्वयंसेवक, सहयोगी तथा क्रिकेटप्रेमीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै शुभकामना व्यक्त गर्नुभयो। उहाँले विजेता, उपविजेता तथा उत्कृष्ट प्रदर्शन गर्ने अन्य टिमहरूलाई विशेष बधाई दिँदै भन्नुभयो: "खेलकुद युवामा अनुशासन, नेतृत्व क्षमता, सहकार्यको भावना विकास गर्ने मात्र नभई नगरभित्र समृद्धि र एकताको सन्देश फैलाउने उत्कृष्ट माध्यम हो। यस्ता सकारात्मक तथा सिर्जनात्मक गतिविधिमा युवाको सक्रियता बढ्दा कुलत र विशेषगरी लागू औषध दुरुपयोगबाट उनीहरूलाई जोगाउन मद्दत पुग्दछ।"

# साउनको २९ गतेदेखि एसइई मौका परीक्षा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ आषाढ**



माध्यमिक शिक्षा परीक्षा (एसईई) मा नन ग्रेड भएका विद्यार्थीहरूले साउनको २९ गतेदेखि मौका परीक्षा दिन पाउने भएका छन्। परीक्षा बोर्डले यस वर्षकोएसईईको नतिजा सार्वजनिक गर्दै नन ग्रेडड विद्यार्थीहरूले २९ साउनदेखि मौका परीक्षा दिन पाउने जनाएको हो। शुक्रबार साँझ बसेको बोर्डको बैठकले कक्षा १० को एसईईको नतिजा सार्वजनिक गरेको हो। सार्वजनिक नतिजाअनुसार ६१.८१ प्रतिशत ग्रेडेड भएका छन्।

## प्लाष्टिक प्रयोगमा कटौती गरौं

*प्लाष्टिक प्रयोगले:*

- माटोको उर्वरा शक्ति घटाउँछ,
- पानी प्रदूषण हुन्छ,
- पशुले प्लाष्टिक खाएमा मृत्यु हुन्छ,
- मानव स्वास्थ्यमा हानी पुऱ्याउँछ,
- प्राकृतिक सौन्दर्यता नष्ट हुन्छ,

*त्यसैले,*

- प्लाष्टिकका झोलाको सट्टा कपडाको झोलाको प्रयोग गरौं,
- प्लाष्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामाग्री प्रयोग गरौं,
- प्लाष्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,
- "प्लाष्टिकमुक्त" अभियानमा सहभागी बनौं,

*"वातावरणको संरक्षण गरौं"*

नेपाल सरकार
विज्ञापन बोर्ड




# हाम्रो भेट हुदैना हो कि कहिलै

*-माधवप्रसाद घिमिरे*

*नेपाली हरिया पहाड वनका यी घाम-छायाहरु*
*हामी दम्पति, शान्ति कान्ति कलिला, यी मोह-मायाहरु*
*यो संयोग जुटाउने कुन थियो कल्ले बिगार्यो अनि*
*हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि*

*पृथ्वीमा अबदेखिलाइ कहिल्यै कालै नआए पनि*
*प्यारी भैकन अप्सरा घरघरै आएर जन्मे पनि*
*मेरो जो हरियो भरिन्न जसको जे जे जुटे तापनि*
*हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि*

*हाम्रा हर्ष र शोक, मान, ममता, आनन्द यौटै थिए*
*एकै प्राण थियो र ज्यान दुइका सन्तान एकै थिए*
*बाँचूँ भिन्न भएर आज कसरी, आधा मर्‍यो जीवनी*
*हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि*

*ती ठट्टा सुखका र फेरि दुःखका सल्लाह हाम्रा गए*
*ती हाम्रा झगडा र मान, ममता, माधुर्य, माया गए*
*बाँकी जीवनको मुराद मनको रोयो बिलौना बनी*
*हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि*

*छन् सम्पूर्ण सुखी कसैसित पनी मिल्दैन मेरो मन*
*छन् ताराहरु रातमा र दिनमा साथी छ यो निर्जन*
*एकान्तस्थलमा त भेट्न तिमीले हुन्थ्यो नि आए पनि*
*हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि*

*मेटी स्वर्ग र मर्त्यलाइ जसरी भेट्छौँ महारातमा*
*ब्यूँझन्नौँ किन एकसाथ त्यसरी हामी दुवै प्रातमा*
*स्वप्नाको दुनियाँ मलाइ कहिले मिल्ला नि साँचो बनी*
*हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि*

*मर्ने मानिस फर्किँदैन कहिल्यै भेटिन्न भेटिन्न रे*
*पर्दा लाग्दछ जो महामरणको उल्टिन्न उल्टिन्न रे*
*यो कस्तो कुन निष्ठुरी नियम हो, के हुन्छ फेरे पनि*
*हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि*

*तिम्रो सुन्दर त्यो शरीर, मधुरो मुस्कान तिम्रो गयो*
*तिम्रो बैँस रमाइलो र गहिरो माया कसोरी गयो*
*पाइन्नौ यस रुपमा अब तिमी फर्केर आए पनि*

*हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि*

*हेर्छन् बादलले हिमालगिरीमा- 'गौरी कहाँ छन् ?' भनी*
*सोध्छे शान्ति मलाइ सानु मुखले - 'आमा कहाँ छन् ?' भनी*
*मैलाई पहिले म उत्तर दिऊँ- 'मेरी ! कहाँ छौ ?' भनी*
*हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि*

*ब्यूँझन्नौ यस जन्ममा अब तिमी अल्प्यौ महाकालमा*
*मैले हेलिनुपर्छ रे सब भुली संसारको भेलमा*
*सम्झेला कसले 'दुवै दिन सँगै हामी थियौँ रे !' भनी*
*हाम्रो भेट हुँदैन हो कि सँगिनी ! धिक्कार कैल्यै पनि*

# चित्रपुरमा दुई दिने आँप मेला महोत्सव आयोजना

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १३ आषाढ**

धनुषाको बटेश्वर गाउँपालिका-१, चित्रपुरमा दुई दिने आँप मेला महोत्सव आयोजना हुने भएको छ । चित्रपुर म्याङ्गो एग्रो टुरिज्म बोर्डको आयोजनामा असार १४ र १५ गते "चित्रपुर आँप मेला महोत्सव - २०८२" हुने जानकारी आयोजक समितिले दिएको छ । चित्रपुरका स्थानीय किसानले विभिन्न जातका आँप उत्पादन गर्दै आएका छन् । स्थानिय उत्पादनको प्रवर्द्धन तथा पर्यटन विकासका उद्देश्यले मेला आयोजना गरिएको हो ।

आयोजकले चित्रपुरलाई "आँप पर्यटन नाका"को रूपमा विकास गर्ने लक्ष्य लिएको बताइएको छ । मेला समितिका सदस्य फुलगेन मगहीका अनुसार यो दोस्रो पटक आँप मेला महोत्सव आयोजना गर्न लागिएको हो । मेलामा ४० भन्दा बढी जातका आँप तथा आँपबाट बनेका विभिन्न परिकार जुस, अचार लगायतको प्रदर्शनीमा राखिनेछ । मेला घुम्न आउने पर्यटकलाई निःशुल्क आँप



खुवाउने, बगैंचामा घुमाउने, रुखबाट आँप छानेर टिप्ने अनुभव दिलाउने, र विद्यार्थालाई विभिन्न जातका आँप चिनाउने कार्यक्रम समेत समावेश गरिनेछ। मगहीले हाल चित्रपुर क्षेत्रमा तीन सय बिघाभन्दा बढी जमिनमा फैलिएको आँपको बगैंचामा उत्पादन हुँदै आएको र बटेश्वर गाउँपालिका पूर्वपश्चिम लोकमार्ग नजिकै भएकाले यो क्षेत्र पर्यटन प्रवर्द्धनको दृष्टिले आकर्षक गन्तव्य बन्न सक्ने बताए । उनका अनुसार मेलामा स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउन र आन्तरिक पर्यटन प्रवर्द्धन गर्न प्रभावकारी हुने विश्वास लिइएको छ । एक तथ्याङ्क अनुसार मधेश प्रदेशले देशको कुल आँप उत्पादनमा ७७.१ प्रतिशत योगदान दिँदै आएको छ ।

# १४ स्थानीय तहको नीति, कार्यक्रम र अनुमानित आय-व्यय विवरण सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १३ आषाढ**

आर्थिक वर्ष २०८२/८३ का लागि महोत्तरी जिल्लाका १५ मध्ये १४ स्थानीय तहले आ-आफ्नो नीति, कार्यक्रम र अनुमानित आय-व्यय विवरण सार्वजनिक गरेको छ।

असार १० भित्र गाउँ तथा नगरसभाबाट बजेट पारित गर्नुपर्ने कानुनी व्यवस्था अनुसार जिल्लाका नौ नगरपालिका र पाँच गाउँपालिकाले




सभा सम्पन्न गरी बजेट प्रस्तुत गरिएको छ। यसपटक जिल्लाबाट प्रस्तुत कुल बजेटको आकार ९ अर्ब ४२ करोड १७ लाख ९३ हजार रुपैयाँ पुगेको छ। तर, जिल्ला सदरमुकाम रहेको जलेश्वर नगरपालिकाले भने अझैसम्म नगरसभा डाक्न सकेको छैन, जसका कारण उक्त पालिकाको बजेट सार्वजनिक हुन सकेको छैन।

बजेट आकारको हिसाबले सबैभन्दा अगाडि रहेको बर्दिबास नगरपालिकाले एक अर्ब २२ करोडभन्दा बढीको बजेट ल्याएको छ भने गौशाला नगरपालिकाको बजेट पनि एक अर्ब नाघेको छ । अन्य पालिकाहरूको बजेट ३० करोडदेखि ७० करोडको आसपास देखिएको छ। सबै पालिकाहरूले आ-आफ्ना क्षेत्रीय प्राथमिकता अनुसार शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि र सामाजिक सुरक्षालगायतका क्षेत्रमा खर्च विनियोजन गरेको जनाइएको छ। यद्यपि, स्थानीय तहहरूले प्रत्येक वर्ष बजेटको आकार विस्तार गरिरहेका छन्, आन्तरिक स्रोतको परिचालनमा भने खासै प्रगति देखिएको छैन।

**मधेश प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**जनकपुरधाम, धनुषा, नेपाल**

## जनहितमा जारी सन्देश

- सडक हामी सबैको साझा सम्पत्ति हो, यसको संरक्षण गरौं, -सडक क्षति पुर्याउन काम नगरौं ।
- सडकमा पशु चौपाया छाडा नछोडौं ।
- सडकको दायाँ-बायाँको अधिकार क्षेत्र (राईट अफ वे) Right of way को सीमामा रहेर घर, टहरा लगायतका संरचनाहरु निर्माण गरौं ।
- साँगुरो सडक भएको ठाउँमा ओभरटेक नगरौं, ओभरटेक गर्दा संकेत दिएर, दाहिनेबाट गरौं -सवारी साधनको क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सडक सधैं सफा र सुन्दर राखौं, सडकमा फोहोर नफालौं ।
- सडकमा ढुंगा, गिट्टी, बालुवा लगायत अन्य निर्माण सामग्री नराखौं, जसका कारण दुर्घटना हुन सक्छ ।
- दीगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।

## तपाईको टुडे

**मेषः** विचार गरेर बोल्नुहोला
**वृषः** मनमा पछुतो आउने
**मिथूनः** अनावश्यक चिन्ता
**कर्कटः** आम्दानी हुने
**सिंहः** मित्रतामा फाटो आउने
**कन्याः** पिछडेको साथी मिल्ने
**तुलाः** अनावश्यक खर्चको संभावना
**वृश्चिकः** लामो यात्राको योग छ
**धनुः** खानपानमा समस्या आउने
**मकरः** अशुभ समाचार प्राप्त हुने
**कूम्भः** शुभ कार्यको शुरुवात
**मीनः** पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# अमेरिकी अर्थतन्त्रमा अपेक्षाभन्दा बढी गिरावट

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ आषाढ



अमेरिकी अर्थतन्त्र सन् २०२५ को पहिलो तीन महिना (जनवरी-मार्च) मा अघिल्लो अनुमानभन्दा बढी घटेको सरकारी तथ्याङ्कले देखाएको छ। अमेरिकी वाणिज्य विभागले बिहीबार सार्वजनिक गरेको विवरणअनुसार, यस त्रैमासिकमा कुल गार्हस्थ उत्पादन (जीडीपी) वार्षिक दरमा ०.५ प्रतिशतले घटेको हो।

यसअघि ०.२ प्रतिशतको गिरावट हुने अनुमान गरिएको थियो, तर हालको परिमार्जित तथ्याङ्कले सङ्कुचन अझ गहिरो भएको देखाएको छ। गत वर्षको अन्तिम त्रैमासमा अमेरिकी अर्थतन्त्र २.४ प्रतिशतले वृद्धि भएको थियो। जीडीपी घट्नुमा उपभोग खर्च र निर्यात अपेक्षाभन्दा कमजोर हुनु मुख्य कारण मानिएको छ। यसका साथै, राष्ट्रपति डोनाल्ड ट्रम्पले पुनः कार्यभार सम्हालेपछि लगाइएका व्यापक भन्सार शुल्कका कारण आयातमा तीव्र वृद्धि भएको छ। व्यापारिक साझेदारहरूबाट आयातमा लाग्ने नयाँ कर लागू हुनुअघि व्यापारीहरूले ठूलो मात्रामा सामग्री आयात गरी भण्डारण गरेकाले यो असर देखिएको हो। जीडीपीको गणनामा आयात नकारात्मक रूपमा गनिन्छ, जसका कारण सरकारी खर्चमा गिरावट र उपभोगमा कमजोरीसँगै समग्र अर्थतन्त्रमा घटावट देखिएको हो। वाणिज्य विभागका अनुसार, हालको परिमार्जित अनुमानले उपभोग खर्च र निर्यातमा गिरावट देखाएको छ।

# यस्तो छ आजका लागि निर्धारित विदेशी मुद्राको विनिमयदर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ आषाढ




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ८४ पैसा र बिक्रीदर १३७ रुपैयाँ ४४ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १६० रुपैयाँ १४ पैसा र बिक्रीदर १६० रुपैयाँ ८४ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८७ रुपैयाँ ६१ पैसा र बिक्रीदर १८८ रुपैयाँ ४४ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७० रुपैयाँ ६७ पैसा र बिक्रीदर १७१ रुपैयाँ ४१ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ४१ पैसा र बिक्रीदर ८९ रुपैयाँ ८० पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ र बिक्रीदर १०० रुपैयाँ ४३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०७ रुपैयाँ २९ पैसा र बिक्रीदर १०७ रुपैयाँ ७६ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ४८ पैसा र बिक्रीदर नौ रुपैयाँ ५२ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ०८ पैसा र बिक्रीदर १९ रुपैयाँ १७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४९ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७१ पैसा कायम भएको छ।

# सुरक्षा थ्रेटबीच सलमानले किने 'बुलेटप्रुफ लक्जरी' कार

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ आषाढ



सुरक्षा चुनौतीबीच बलिउड अभिनेता सलमान खानले नयाँ बुलेटप्रुफ लक्जरी कार किनेका छन्। यो कारमा आर्म्ड बडी प्यानल र रिइन्फोर्स्ड ग्लास जस्ता बुलेटप्रुफ सुविधा छन्। टाइम्स अफ इन्डियाका अनुसार बुलेटप्रुफ मर्सिडिज-मेबाक जीएलएस ६०० कारको मूल्य लगभग ३.४० करोड भारु रहेको बताइएको छ। यो सलमानको पहिलो बुलेटप्रुफ कार भने होइन। उनीसँग पहिले नै बुलेटप्रुफ कार छ।

यो कार केवल प्रिमियम एसयूभी मात्र होइन, यसमा ४.०-लिटर ट्विन-टर्बो भीए-८ इन्जिन र ४८भी माइल्ड-हाइब्रिड प्रणाली छ। यसमा ९-स्पीड अटोमेटिक ट्रान्समिसन र ४ म्याटिक अल-ह्वील ड्राइभ छ। यसले केवल ४.९ सेकेन्डमा ० देखि १०० किलोमिटर प्रतिघण्टाको गति लिन सक्छ। यसको अधिकतम गति लगभग २५० किलोमिटर प्रतिघण्टा छ। गत महिना मे २० मा सलमानको घरमा एक व्यक्ति प्रवेश गरेको घटना प्रकाशमा आएको थियो। प्रहरीले २३ वर्षीय अभियुक्तको नाम जितेन्द्र कुमार रहेको र उनी छत्तीसगढका बासिन्दा भएको बताएको थियो। गत महिना इशा छाब्रा नामकी एक महिलाले पनि ग्यालेक्सी अपार्टमेन्टमा प्रवेश गर्ने प्रयास गरेकी थिइन्। दुवैलाई प्रहरीले पक्राउ गरेको थियो। सन् २०२३ मा लरेन्स ग्याङबाट धम्की आएपछि मात्र सलमानको सुरक्षा बढाइएको थियो। महाराष्ट्र सरकारले उनलाई वाई प्लस श्रेणीको सुरक्षा दिएको छ। ११ जना जवान उनीसँगै सधैं रहन्छन्, जसमा एक वा दुई कमाण्डो र २ जना पीएसओ समावेश छन्। सलमानको कारलाई एस्कर्ट गर्न सधैं अगाडि र पछाडि दुईवटा गाडी हुन्छन्। यसबाहेक, सलमानको कार पनि पूर्ण रूपमा बुलेटप्रुफ छ।

# एसियन कप छनोट : कसले गर्ला महिला फुटबल टिमको कप्तानी ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १३ आषाढ




नेपाली राष्ट्रिय महिला फुटबल टोली यतिखेलर एएफसी महिला एसियन कप छनोट खेल्न उज्वेकिस्तानमा छ। यही जुन २९ देखि उज्वेकिस्तानमा सुरु हुने छनोटअन्तर्गत समूह एफको खेल खेल्न नेपाली महिला टोली चार दिन अघि नै उज्वेकिस्तान पुगेको हो।

एकातिर महिला टोली छनोट पार गर्दै अर्को वर्ष मार्चमा अष्ट्रेलियामा हुने महिला एसियन कपमा पुग्ने लक्ष्यमा छ। अर्कोतिर छनोट खेलमा नेपाली महिला टोलीको कप्तानी कसले गर्ला भन्ने अर्को चर्चाको विषय बनेको छ। यस पटक महिला टोलीको कप्तान फेरिने हो कि भन्ने चर्चा निकै चलेको छ। त्यसको संकेत उज्वेकिस्तानमा जाने टोली घोषणा हुँदा र जानुअघिको बिदाइ कार्यक्रममा पनि देखियो। किनभने कुनै पनि ठूलो प्रतियोगिता खेल्न जाँदा होस् या विदेशमा खेलहरू खेल्न जाँदा एक खेलाडी कप्तान तोकेरै जाने चलन छ। अझ कतिले त कप्तान र उपकप्तान पनि तोक्छन्। यस पटक नेपाली टोली उज्वेकिस्तान पुगिसक्दा समेत कप्तान को हो भनेर तोकिएको छैन। यसअघि नेपालको कप्तानी गोलकिपर एन्जिला तुम्बापो सुब्बाले गर्दै आएकी थिइन्। उज्वेकिस्तानमा खेल्ने टोलीको कप्तान पनि एन्जिला नै हो भन्ने धेरैको बुझाई छ। तर टिम घोषणा हुँदा र बिदाई गर्दा समेत कप्तान भनेर नतोकिनुले नेपाली महिला टिमको कप्तान फेरिँदैछ भन्ने संकेत देखाएको छ। किनभने बिदाई कार्यक्रम नेपालको राष्ट्रिय झण्डा हस्तानतरण गर्ने क्रममा पनि नेपाली महिला राष्ट्रिय टिमका मुख्य प्रशिक्षक प्याट्रिक डे वाइल्ड, टिम म्यानेजर बिन्द्रा देवान, हेड अफ डेलेगेट्स तथा एन्फा कार्यसमित सदस्य सरिला श्रेष्ठ मलेखुलाई अगाडि बोलाइएको थियो। युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. हरि प्रसाद लम्सालले प्रशिक्षक म्यानेजर र हेड अफ डेलेगेट्सलाई झण्डा हस्तानतरण गर्दा त्यहाँ कुनै खेलाडीलाई बोलाइएको थिएन। पछि सामूहिक तस्बिर खिचाउने बेलामा भने गोलकिपर एन्जिला टिम म्यानेजर देवानसँगै अगाडि बसेकी थिइन्।


# एचआइभीबाट बचौं

***एचआइभीका लक्षणहरु :***
-ज्वरो आउनु
-पखाला लाग्नु
-वजन घट्नु
-जनै खटिरा आउन सक्छन्
-कुपोषणका लक्षणहरू देखिनु
-छालाका विभिन्न समस्या आउनु
-मुख तथा घाँटीमा काई (सेतो) आउनु
-दाँत वा गिजाका समस्याहरू
-खोकी वा स्वास फेर्न गाह्रो हुनु
-चाँडै थकाइ लाग्नु वा कमजोरी हुनु आदि

***यसरी सर्दैन :***
-लामखुट्टेले टोकेर
-एउटै लुगाफाटो प्रयोग गर्दा
-चुम्बन गर्दा
-सँगै पौडी खेल्दा
-बिरामीको स्याहार सुसार गर्दा
-परिवारमा सँगै बस्दा
-एउटै भाँडामा खाना खाँदा
-हाछ्यूँ गर्दा, खोक्दा
-एउटै चर्पी प्रयोग गर्दा



***एचआइभी सर्ने माध्यम :***
-असुरक्षित यौनसम्पर्कबाट
-एचआइभी संक्रमित रगत, रगतबाट बनेका पदार्थ तथा अंगहरु लिँदा
-सुई तथा सिरिन्जको साझा प्रयोगबाट
-संक्रमित आमाबाट बच्चामा

***बच्ने उपाय :***
- सुरक्षित यौन व्यवहार अपनाउने
-सधैं सही तरिकाले कन्डमको प्रयोग गरी यौनसम्पर्क राख्ने
-सुई तथा छाला छेड्ने औजार नयाँ मात्र प्रयोग गर्ने वा निर्मलीकरण गरेर प्रयोग गर्ने
-एचआइभी संक्रमित महिला गर्भवती नहुने
-यौनरोगको लक्षण देखापरेमा तुरुन्त उपचार गर्ने
-आफ्नो यौनसाथीलाई पनि उपचार गराउने
-अंग प्रत्यारोपण गर्नुपरेमा सम्बन्धित व्यक्तिलाई संक्रमण भए/नभएको कुरामा विशेष ध्यान पुऱ्याउने
- रगत दिँदा सो रगत संक्रमण भए/नभएको पक्का गर्ने।

अनुरोधकर्ता
प्रादेशिक अस्पताल जलेश्वर
महोत्तरी, मधेश प्रदेश






अनुरोधकर्ता
कटहरिया नगरपालिकाको कार्यालय
रौतहट,मधेश प्रदेश

# कस्तो विकल्प, कसको विकल्प ?

-असत्य पनि हजार पटक भन्यो भने सत्यको रूपमा स्थापित हुन्छ भन्ने प्रोपगान्डा सिद्धान्तका प्रणेता हिटलरका प्रचारमन्त्री जोसेफ गोयवल्सका प्रेतात्माहरू पपुलिजमको मानसपुत्रका रूपमा उदाएका छन्, निराशाको खेती र सपनाको व्यापार गरेर आएका केही थान पार्टी, पात्र र प्रवृत्तिहरू नयाँ हुन् तर वैकल्पिक होइनन् । जनीतिक बहस, विवाद र प्रयोगशाला हुँदै आएको नेपालमा विगत केही समयदेखि चलिरहेको वैकल्पिक राजनीतिको नयाँ बहसले शक्तिशाली तरंग सिर्जना गरेको छ । सडकदेखि संसद्सम्म, सञ्चारमाध्यम देखि सामाजिक सञ्जालसम्म वैकल्पिक राजनीति, वैकल्पिक पार्टी, वैकल्पिक नेतृत्व र वैकल्पिक प्रणालीबारे घनीभूत छलफल, बहस र विवाद हुँदै आएको छ । प्रचलित बहसका आधारमा विश्लेषण गर्दा संस्थापन, मूलधार र स्थापित प्रणाली, विचार, पार्टी, नीति, नेतृत्व प्रतिरक्षात्मक हुँदै गएको देखिन्छ भने वैकल्पिक राजनीति, विचार, पार्टी, नेतृत्वको बहसले अर्थपूर्ण जनसमर्थन हासिल गर्दै गएको देखिन्छ । २०६२/६३ को जनआन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भई संविधानसभाबाट नयाँ संविधान जारी भइसकेपछि पनि अपेक्षाकृत उपलब्धि हासिल हुन नसकेको पृष्ठभूमिमा यस्तो बहस हुनु अस्वाभाविक भएन ।

लोकतान्त्रिक प्रणाली, बहुलवादी समाज, स्वतन्त्र प्रेससँगै सूचना प्रविधि र सामाजिक सञ्जालको विकासको कारणले क्रिटिकल थट ( आलोचनात्मक चेत) र 'क्रिटिकल मास' (आलोचनात्मक समुदाय) बढ्दै गइरहेको छ । कुशासन र भ्रष्टाचारका शृंखलाबद्ध काण्डका कारणले मूलधारका पार्टीहरू तीव्र गतिमा अलोकप्रिय हुँदै गएका छन् । लोकतान्त्रिक प्रणालीमा प्रश्न उठ्नु, आलोचना हुनु, बहस-विमर्श हुनु स्वाभाविक हो । यस्तै प्रश्न, बहस र आलोचनाले लोकतान्त्रिक प्रणाली, सरकार, राजनीतिक पार्टी र नेतृत्व विकसित, परिमार्जित र उत्तरदायी हुँदै जान्छन् । समकालीन राजनीतिमा विशेष गरी चारवटा विकल्पका बारेमा बहस भइरहेको छ । पहिलो विकल्पः कांग्रेस, एमाले, माओवादीलगायत मूलधारका पार्टीका शीर्ष नेतृत्वपंक्तिको विकल्प । कांग्रेस, एमाले, माओवादीका शेरबहादुर देउवा, केपी ओली, पुष्पकमल दाहाललगायतका नेताहरूले पटकपटक राज्यसत्ता सञ्चालन गर्ने अवसर पनि पाए, पार्टीको नेतृत्व गर्ने अवसर पनि पाए । तर देशको आवश्यकता र जनताको भावनाअनुसार डेलिभरी गर्न सकेनन् । त्यसैले उनीहरू असफल भए । असफल भएका कारणले उनीहरू अलोकप्रिय भए । यस्तो असफल र



अलोकप्रिय नेतृत्व परिवर्तन गरी नयाँ, भिजनरी र लोकप्रिय नेतृत्व स्थापित गर्नु आवश्यक भएको यो विकल्पका प्रस्तावक, प्रवक्ता र पक्षधरहरूको तर्क छ । यदि पुस्तान्तरणसहित नेतृत्व परिवर्तन गरियो भने मूलधारका पार्टीले नै पुनर्जीवन पाउने र विद्यमान राजनीतिक, आर्थिक, सामाजिक समस्या समाधान गर्न सक्षम भएको दाबी गर्दै आएका छन् ।

कांग्रेसका नेताहरू गगन थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेलहरू यो वैचारिक धारको प्रवक्ता भएका छन् । २०७८ मा भएको १४औं महाधिवेशनदेखि नै कांग्रेसमा पुस्तान्तरणसहित नेतृत्व परिवर्तन र पार्टी रूपान्तरणको बहस हुँदै आएको छ, जुन पार्टी रूपान्तरण र नेतृत्व विकास तथा परिवर्तनका दृष्टिले सकारात्मक हो । एमालेमा सुसुप्त रूपमा यस्तो बहस चले पनि सशक्त रूपमा उठ्न सकेको छैन । अध्यक्ष ओली र पूर्वराष्ट्रपति विद्या भण्डारीबीच नेतृत्वका लागि प्रतिस्पर्धा, आरोप-प्रत्यारोप र संघर्षको शृंखला सुरु भएको देखिन्छ । तर पुस्तान्तरणसहितको नेतृत्व हस्तान्तरण र पार्टी रूपान्तरणको बहसले उचित स्थान पाउन सकेको छैन । विभाजनपछि एमालेमा आन्तरिक लोकतन्त्र कमजोर र बहस तथा विमर्शको संस्कार निषेधित हुँदै गएजस्तो देखिन्छ । नेतृत्वलाई प्रश्न गर्दा, पार्टीभित्र लोकतान्त्रिक अभ्यासको कुरा गर्दा तथा विधिसम्मत रूपमा पार्टी सञ्चालनको आवाज उठाउँदासमेत अनुशासनको नाममा दण्डित, निलम्बन वा निष्कासन गरिन्छ । एकातिर एमाले विभाजित हुनु अर्कोतिर भीम रावल, बिन्दा पाण्डे र उषाकिरण तिम्सिनाहरूको निष्कासन र निलम्बनले सोही वास्तविकताको पुष्टि गरेको छ । घनश्याम भुसाल, योगेश भट्टराई, रामकुमारी झाँक्रीहरूले सुधार, रूपान्तरण र नेतृत्वका बारेमा प्रश्न उठाइरहन्थे ।

तर विभाजनपछि भुसाल र झाँक्री समाजवादी पार्टीतिर लागे भने भट्टराईले आत्मसमर्पण गरेपछि एमालेमा ओलीको एकाधिकार स्थापित भएको छ । माओवादीमा पनि यो बहस प्रारम्भ भए तापनि अवस्था एमालेको जस्तै छ । करिब ४० वर्षदेखि निरन्तर पार्टी नेतृत्वमा रहेका दाहालका बारेमा प्रश्न मात्रै उठेका छैनन्, व्यापक आलोचनासमेत भएको छ । जनार्दन शर्मा, वर्षमान पुनलगायतका नेताले दाहाललाई चुनौती दिँदै नेतृत्व परिवर्तनको पक्षमा विचार राख्दै आएका छन् । तर आफ्नो बारेमा प्रश्न उठाउने नेता-कार्यकर्तालाई कि किनारा लगाइदिएका छन् कि पार्टी छोड्न बाध्य बनाएका छन् । मोहन वैद्य, बाबुराम भट्टराई, नेत्रविक्रम चन्दहरूले दाहालका बारेमा प्रश्न उठाएपछि पार्टी छोड्न बाध्य भएका थिए भने अहिले जनार्दन शर्माहरू पार्टीमा किनाराकृत हुँदै गएका छन् ।

साभार : कान्तिपुर ।





अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी,मधेश प्रदेश

पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।





सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
मुखियापट्टी मुसहरनियां गाउंपालिकाको कार्यालय
धनुषा,मधेश प्रदेश




अनुरोधकर्ता
गणेशमान चारनाथ नगरपालिकाको कार्यालय
धनुषा,मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday